## आगामी आ.ब. २०७३/०७४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि दरखास्त दिने सम्वन्धि

# कीर्तिपुर नगरपालिका कार्यालयको

# सूचना

नेपाल सरकारबाट स्वीकृत सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सक्ने लक्षित वर्गका नागरिकहरुले आ.ब. २०७३/ ०७४ मा भत्ता प्राप्त गर्नका लागि सम्वन्धित वडा कार्यालयमा २०७२ मार्ग १५ गते भित्र तपसिल बमोजिम उमेर पुगि सकेका व्यक्तिहरुले २ प्रति पासपोर्ट साईजको फोटो र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

हाल सामाजिक सुरक्षा भत्ता पाइरहेका नागरिकहरुले समेत उक्त मिति भित्र दरखास्त दिई आफ्नो नाम नवीकरण गर्नु पर्नेछ । उक्त मिति भित्र दरखास्त दिई दर्ता तथा नवीकरण नगर्नेहरुले २०७३ श्रावण १ गते देखि भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

तपसिल :-

१. जेष्ठ नागरिक भत्ताका लागि २०७३ असारमसान्त सम्ममा ७० बर्ष उमेर पूरा भएको हुनु पर्नेछ । (दलित नागरिकहरुका लागि ६० बर्ष उमेर पूरा भएको हुनु पर्नेछ । )

२. एकल महिला भत्ताका लागि २०७३ असारमसान्त सम्ममा ६० बर्ष उमेर पूरा भएको हुनु पर्नेछ ।  विधवा महिलाको हकमा उमेरको हदवन्दी लागु हुने छैन ।

३. विधवा महिलाहरुले पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी र नाता प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

४. अविवाहित वा सम्वन्ध विच्छेद भएका एकल महिलाहरुको हकमा सो संग सम्वन्धित कागजातहरु पेश गर्नु पर्ने छ ।

५. पुर्ण अशक्त भत्ताका लागि जन्म दर्ता प्रमाणपत्र वा नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पुर्ण अपाङ्गता परिचय पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. बाल संरक्षण अनुदानका लागि दलित परिवारका ५ बर्ष मुनिका बालबालिकाहरुको जन्म दर्ता प्र.प.को प्रतिलिपि, बालबालिका र अभिभावकको २/२ प्रति फोटो राख्नु पर्नेछ ।

कीर्तिपुर नगरपालिका
देवढोका, कीर्तिपुर